# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६६) काठमाडौं, माघ ३ गते, २०७३ साल (संख्या ४८

## भाग ३

नेपाल सरकार

### शान्ति तथा पुनर्निर्माण मन्त्रालयको सूचना

### शान्ति कोष (सञ्चालन) (तेस्रो संशोधन) नियमावली, २०७३

शान्ति कोष (सञ्चालन) नियमावली, २०६५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१२ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "शान्ति कोष (सञ्चालन) (तेस्रो संशोधन) नियमावली, २०७३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. शान्ति कोष (सञ्चालन) नियमावली, २०६५ को नियम २ मा संशोधन : शान्ति कोष (सञ्चालन) नियमावली, २०६५ (यसपछि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

"मूल नियमावली" भनिएको) को नियम (२) को खण्ड (ज) पछि देहायको खण्ड (झ) थपिएको छ :-

"(झ) "कार्यकारी निर्देशक" भन्नाले नियम २६ बमोजिमको कार्यकारी निर्देशक सम्झनु पर्छ ।"

३. <u>मूल नियमावलीको नियम ९ मा संशोधन</u> : मूल नियमावलीको नियम ९ को उपनियम (१) को खण्ड (ज) मा रहेको "सचिवालयको" भन्ने शब्द झिकिएको छ ।

४. <u>मूल नियमावलीको नियम २६ मा संशोधन</u> : मूल नियमावलीको नियम २६ को नियम शिर्षकमा रहेको "निर्देशक" भन्ने शब्दको सट्टा "कार्यकारी निर्देशक" भन्ने शब्दहरू राखिएका छन् ।

५. <u>मूल नियमावलीको नियम २७ मा संशोधन</u> : मूल नियमावलीको नियम २७ को उपनियम (१) को खण्ड (क), (ख) र (ग) मा रहेका "अधिकृत" भन्ने शब्दको सट्टा "निर्देशक" भन्ने शब्द राखिएको छ ।

६. <u>मूल नियमावलीको नियम ३० मा संशोधन</u> : मूल नियमावलीको नियम ३० मा रहेका "सचिवालयको निर्देशक" भन्ने शब्दहरूको सट्टा "कार्यकारी निर्देशक" भन्ने शब्दहरू राखिएका छन्।

७. <u>मूल नियमावलीको नियम ३२ मा संसोधन</u> : मूल नियमावलीको नियम ३२ को उपनियम (२) मा रहेका "२०७४" भन्ने अंकको सट्टा "२०७५" भन्ने अंक राखिएको छ ।

आज्ञाले,
सुमन प्रसाद शर्मा
नेपाल सरकारको सचिव



858

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।